जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभ आरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक ०७० | २०८२ साल कार्तिक ०८ गते शनिवार | Saturday-25-October-2025 | पृष्ठ संख्या-४ | मूल्य रु.५/-

## अराजक समूहलाई कारबाही गर्न सरकारलाई चुनौती,एमालेका केन्द्रीय सदस्य कुशवाहाको प्रभु साह माथी प्रश्नबर्षा

***रुपेश यादव***
***रौतहट, ०७ कार्तिक***

नेकपा (एमाले) का केन्द्रीय सदस्य कुन्दन कुशवाहाले जेन-जी आन्दोलनको नाममा हत्या, हिंसा र विध्वंस मचाउने अराजक समूहलाई तत्काल कारबाही गर्न सुशीला कार्की नेतृत्वको सरकारले हिम्मत देखाउनुपर्ने चुनौती दिएका छन् । शुक्रवार रौतहटको फतुवा बिजयपुर नगरपालिका वडा नम्बर -६, स्थित पेटभर्वामा दीपावली, तिहार तथा छठ पर्वको अवसरमा आयोजित शुभकामना आदान-प्रदान कार्यक्रमलाई सम्बोधन गर्दै नेता कुशवाहाले सरकारप्रति प्रश्न उठाउँदै भने –
"प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको सरकारले चाहेमा १० दिनभित्र ती अराजक तत्वहरूलाई नियन्त्रणमा लिन सक्छ, तर विदेशी इशारामा एमाले अध्यक्ष तथा पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीलाई मात्र दोषी ठहर्याउन व्यस्त देखिन्छ ।"




**'शान्तिपूर्ण आन्दोलनलाई ह्याक गरी हिंसात्मक बनाइयो'**

कुशवाहाका अनुसार भदौ २३ गते काठमाडौंमा जेन-जी युवाहरूले भ्रष्टाचारविरुद्ध र सुशासनको मागमा गरेको शान्तिपूर्ण आन्दोलन जायज थियो, तर भदौ २४ गते उक्त आन्दोलनलाई "ह्याक" गरी देशी-विदेशी चलखेलमा हिंसात्मक रूप दिइयो। "आन्दोलनको नाममा अराजक समूहले आफ्नै भाईबहिनीको छातीमा गोली हाने, सिंहदरबारदेखि ऐतिहासिक सम्पदासम्म जलाइयो, तर सरकार मौन छ," उनले भनेका थिए ।
कार्यक्रममा कुशवाहाले आम जनता पार्टीका अध्यक्ष तथा पूर्व मन्त्री प्रभु साहमाथि तीव्र प्रहार गरेका थिए ।
"२०७४ सालको संविधानलाई उत्कृष्ट भन्दै सबै सभासदहरूले हस्ताक्षर गरे, तर साहले गरेनन्। संविधान अस्वीकार गर्नेले फेरि त्यही संविधान टेकेर सांसद र मन्त्री बन्ने यो कस्तो नैतिकता हो?"
उनले आफू आम जनता पार्टीमा रहँदा विकासका नयाँ बाटोहरू खोलेको दाबी गर्दै, आफू पार्टी छोडेपछि प्रभु साहले "एक इन्च बाटो पनि निकाल्न नसकेको" आरोप लगाए ।

**'भयमुक्त निर्वाचन सम्भव छैन'**

कार्यक्रमका अर्का बक्ता तथा एमाले नेता उपेन्द्र साहले आगामी फागुन २१ गते तोकिएको प्रतिनिधिसभा निर्वाचन भयमुक्त वातावरणमा सम्भव नहुने टिप्पणी गरेका थिए ।
"जेन-जी आन्दोलनपछि भागेका हजारौं कैदी र प्रहरीबाट लुटिएका हतियार अझै फिर्ता आएका छैनन् । यस्तो अवस्थामा निष्पक्ष र भयमुक्त निर्वाचन कसरी सम्भव हुन्छ?" उनले प्रश्न उठाएका छन् ।
उपेन्द्र साहले प्रभु साहमाथि थप टिप्पणी गर्दै भने –
"प्रभु साहले एमाले अध्यक्ष ओलीलाई गाली गर्छन्, तर उनकी श्रीमती रिना कुमारी साह मौलापुर नगरपालिकाको मेयर बनेकी छन् भने एमालेकै टिकटमा । साहलाई हिम्मत छ भने श्रीमतीलाई राजीनामा दिन लगाउनुस् ।"
कार्यक्रममा एमालेका प्रदेश कमिटी सदस्य गौरीशंकर साह, फतुवा बिजयपुर नगर इन्चार्ज सेख कलिमुल्लाह, मधेश प्रदेशका पूर्व मन्त्री नागेन्द्र यादव, देवाही गोनाहिका मेयर प्रेमलाल साह कानु, मौलापुरका उपमेयर नागेन्द्र यादव, नेता मनोज यादव राजन ,एमाले क्षेत्रिय अध्यक्ष युवराज ज्ञवाली, पूर्व उपमेयर कान्ति देवी महतो, र नेता रामजी साह लगायतले सम्बोधन गरेका थिए । वक्ताहरूले एमालेको नेतृत्वमा बन्ने सरकारले मात्र सुखी नेपाली समृद नेपालको परिकल्पना साकार गर्नसक्ने विचार राखेका थिए ।
साथै स्थानीय तहहरूमा विकासमा बेथिति भएको आरोप लगाउँदै एमालेले मात्र देशलाई समृद्ध र सुशासनयुक्त बनाउन सक्ने दाबी गरेका थिए ।
कार्यक्रमको अध्यक्षता वडा अध्यक्ष राम एकवाल राय यादवले गरेका थियो भने स्वागत मन्तबय पेटभर्वा निवासी मनोज कुमार यादवले गरेका थियो । उक्त कार्यक्रममा गाउँका भद्रभलादमी , युवा समाज सुरक्षाकर्मी तथा सञ्चारकर्मीहरुको उल्लेखनीय सहभागीता रहेका थियो ।

## बारामा भारतबाट ल्याइएको नौ लाखभन्दा बढीको अवैध सामान बरामद




***बारा, ०७ कात्तिक***

सशस्त्र प्रहरी बलले बाराका विभिन्न स्थानमा गरेको चेकजाँच क्रममा भारतबाट भन्सार छली ल्याइएका करिब नौ लाख १४ हजार रुपैयाँ बराबरका सामान बरामद गरेको छ । सिम्रौनगढ नगरपालिका-९ झरोखर क्षेत्रमा सशस्त्र प्रहरी बल गोलागंज बिओपीबाट खटिएको टोलीले दुईवटा मोटरसाइकलमा लोड गरिएको किराना सामग्री बरामद गरेको हो । बरामद सामान र मोटरसाइकल सहितको मूल्य चार लाख ६ हजार ७३० रुपैयाँ बराबर रहेको सशस्त्र प्रहरीले जनाएको छ । यस्तै, देवताल गाउँपालिका-२ पसाहा खोला क्षेत्रमा गरिएको गस्तीका क्रममा अर्को टोलीले कपडा, चप्पल र मोटरसाइकल गरी करिब तीन लाख रुपैयाँ बराबरको अवैध सामान नियन्त्रणमा लिएको हो ।
त्यसैगरी, पचरौता नगरपालिका-३ रामनगर वैरिया, कलैया-१० मटिअर्वा र फेटा गाउँपालिका-४ बतरा फेटा क्षेत्रबाट पनि सशस्त्र प्रहरीले भारतबाट भन्सार छली ल्याइरहेका कपडा, मोटरसाइकल र अन्य सामग्री बरामद गरेको छ ।
सशस्त्र प्रहरी बल नम्बर १२ गणका गणपति तथा उपरीक्षक खुमबहादुर के.सी.का अनुसार बरामद सबै सामान वीरगञ्ज भन्सार कार्यालयमा बुझाइने प्रक्रिया सुरु गरिएको छ ।

**मो.सा चलाउँदा हेल्मेटको अनिवार्य प्रयोग गरौं ।**

## छठ पर्वमा बिदा बढाउन चौतर्फी माग, सरकारको विभेदकारी नीति कायमै राखेको आरोप

***शुभ आरम्भ संवाददाता***
***रौतहट, ०७ कात्तिक***

तराई-मधेशमा अत्यन्त श्रद्धा आस्था र विश्वासका साथ मनाइने चारदिने महापर्व छठ नजिकिँदै जाँदा बिदा बढाउनुपर्ने माग चौतर्फी रूपमा उठ्न थालेको छ ।
तराई मधेशमा सबभन्दा ठूलो धार्मिक एवं सांस्कृतिक महत्व बोकेको छठ पर्व निष्ठा आत्मविश्वास र आत्मसंयमको प्रतीक मानिन्छ । महिलाहरूले चार दिनसम्म कठोर व्रत बस्दै सूर्य भगवानको आराधना गरी सन्तानको दीर्घायु परिवारको सुख-समृद्धि र समाजमा शुद्धताको कामना गर्ने यो पर्व हरेक वर्ष अत्यन्त भव्यताका साथ मनाइन्छ। आस्थाको पर्वका अवसरमा सरकारले अहिलेसम्म सार्वजनिक बिदा नबढाएको भन्दै सामाजिक सञ्जालदेखि लिएर नागरिक समाज र युवावर्गबीच असन्तोष र आलोचना चर्किएको हो । धेरैले यो विषयलाई सरकारको विभेदकारी दृष्टिकोण र मधेशवासीप्रति अवहेलनाको प्रतीकका रूपमा लिएका छन् ।
छठ पर्वमा विशेष गरी नहाय-खाय, खरना, संध्या अरघ र बिहानको अरघ गरी चार दिनसम्म व्रत बस्ने परम्परा रहिआएको हो । यस अवधिमा



महिलाहरूले निर्जल रही पवित्र नदी, पोखरी र तलाउमा पूजा अर्चना गर्छीन् । रौतहट, सिरहा, महोत्तरी, धनुषा, सप्तरी, पर्सा, बारा लगायतका जिल्लाहरूमा यो पर्वलाई पहिचान र एकताको पर्वका रूपमा लिइन्छ । स्थानीय युवाहरूले सामाजिक सञ्जालमा अभियान चलाउँदै भनेका छन् । छठ हाम्रो धर्म संस्कृति र

*बाँकी तेश्रो पृष्ठमा*


## आमा सुरक्षा कार्यक्रम को दुरूपयोगः चन्द्रपुर अस्पताल प्रा.लि.माथि सेवाग्राही ठगीको गम्भीर आरोप

***शुभ आरम्भ संवाददाता***
***कार्तिक, ०७ रौतहट***

रुनेपाल सरकारले मातृ तथा शिशु मृत्युदर घटाउने पवित्र उद्देश्यका साथ सञ्चालन गरेको' आमा सुरक्षा कार्यक्रम' रौतहटको चन्द्रपुर अस्पताल प्रा.लि.मा व्यावसायिक लूटको माध्यम बनेको आरोप लागेको छ। यस क्षेत्रका गर्भवती महिलाहरूलाई निःशुल्क स्वास्थ्य सेवा प्रदान गर्ने जिम्मेवारी पाएको अस्पतालले विभिन्न बहानामा सेवाग्राहीबाट पैसा असुलेर सरकारी कार्यक्रमको मर्ममाथि कुठाराघात गरेको आरोप सेवाग्राही र सरोकारवालाहरूले लगाएका छन् ।
रुचन्द्रपुर अस्पताल प्रा.लि.का सञ्चालक सुभास चौधरीले सार्वजनिक रूपमा अस्पताल गुणस्तरीय र मातृमैत्री सेवा प्रदान गर्न पूर्ण रूपमा प्रतिबद्ध रहेको दाबी गरे पनि व्यवहारमा भने त्यसको ठीक विपरीत कार्य भइरहेको पाइएको हो । कार्यक्रमको प्रचार-प्रसारमा मात्र सीमित रहेर अस्पतालले निःशुल्क भनिएका सेवाको नाममा समेत पैसा लिएको गुनासोहरूले रौतहट क्षेत्रमा व्यापकता पाएका छन् ।

**रुनिःशुल्क सेवामा शुल्कको खेल**

रुनेपाल सरकारको 'आमा सुरक्षा कार्यक्रम' अन्तर्गत गर्भवती जाँच,




सुरक्षित प्रसूति सेवा (सामान्य तथा शल्यक्रिया दुवै), र नवजात शिशुको उपचारसहित विभिन्न सेवाहरू निःशुल्क प्रदान गर्नुपर्ने व्यवस्था छ। साथै, सुत्केरी महिलालाई यातायात खर्चवापत समेत प्रोत्साहन रकम उपलब्ध गराइन्छ।
रुतर, चन्द्रपुर अस्पतालले भने यी निःशुल्क सेवाहरूको बदलामा सेवाग्राहीसँग अप्रत्यक्ष रूपमा रकम असुलिरहेको पीडितहरूको भनाइ छ। 'फलाना परीक्षणको लागि, फलानो औषधि बाहिरबाट किन्नुपर्ने भयो,' वा 'शल्यक्रियाको लागि आवश्यक पर्ने सामग्रीको शुल्क' भन्दै अस्पताल प्रशासनले पैसा लिने गरेको उनीहरूको आरोप छ । खासगरी विपन्न र अशिक्षित वर्गका महिलाहरू अस्पतालको जालमा परेर ठगिने गरेको बताइएको हो ।
रुएक पीडित सेवाग्राहीले भनिन्, "सरकारले त सित्तैमा हुन्छ भनेको थियो, तर यहाँ आएपछि कहिले यो फाराम भर्न शुल्क, कहिले आकस्मिक सेवा शुल्क, कहिले बाहिरको ल्याब टेस्टको शुल्क भनेर सयौं र हजारौं रुपैयाँ तिर्न बाध्य भयौं । नतिरे राम्रो

*बाँकी तेश्रो पृष्ठमा*

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - विश्रामपुर गाउँपालिका, बारा

## शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी

| | |
|---|---|
| प्रकाशक | : अनिल पाण्डेय |
| प्रधान सम्पादक | : दिपेन्द्र कुमार उपाध्याय |
| सम्पादक | : श्याम विहारी साह केशरी |
| कार्यकारी सम्पादक | : उमेश दुवे |
| समाचार सम्पादक | : आ.के. ठाकुर |
| कानुनी सल्लाहकार | : प्रभातचन्द्र दाहाल |
| कम्प्यूटर अपरेटर | : कृष्णा गुप्ता |
| सम्पर्क नम्बर | : ९८४५२२६३०५ |
| सम्पर्क कार्यालय | : कलैया-१४, बघवन (बारा) |
| मुद्रक | : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा) |

shubharambhdaily@gmail.com


## सम्पादकीय...........

# नेपाल शान्त भएको सन्देश देऊ

देश अहिले राजनीतिक परिवर्तन र नयाँ आशाको चरणमा प्रवेश गरिरहेको बेला जेन-जी आन्दोलनका क्रममा उत्पन्न भएका केही गम्भीर चुनौतीले मुलुकको शान्ति र सुरक्षामा प्रश्न उठाएका छन् । आन्दोलनको चपेटामा परेर देशभरका २८ वटा कारागार र ٦ वटा बालसुधार गृहबाट १४ हजार ५ सय ५३ कैदीबन्दी फरार भएका घटना कुनै सामान्य विषय होइन ।

आजसम्म पनि झन्डै ५ हजार ७ सय जना फरार छन् भने सयौं हतियारसमेत हराइरहेका छन् । यसले मुलुकको शान्ति, कानुनी शासन र अन्तर्राष्ट्रिय छविमाथि गहिरो असर पार्छ । कारागारबाट भागेकामध्ये धेरैजसो अझै नियन्त्रणमा आउन नसक्नुले राज्य संयन्त्रको कमजोरी देखाउँछ । सरकार र सुरक्षा निकायले तत्काल विशेष अभियान चलाएर कैदीहरुलाई नियन्त्रणमा लिन थाले पनि अझै हजारौं फरार छन् । केही कैदीहरुले पुनः अपराध गरेको समाचार पनि आएका छन्, जसले आम नागरिकमा भय र असुरक्षाको वातावरण सिर्जना गरिरहेको छ ।

अपराधी र फरार कैदीहरु खुलेआम समाजमा रहनु भनेको शान्ति-सुरक्षाको मूलभूत धुरी नै कमजोर हुनु हो । २५ करोड नगदसहित पक्राउ परेका कुसाङ लामासहितका अभियुक्त फरार हुँदा गम्भीर अपराधको छानबिनसमेत प्रभावित हुन्छ । अर्कोतर्फ, कैदीहरुसँगै हराएका सरकारी हतियारहरु अहिले पनि पूर्वमेचीदेखि महाकालीसम्म फैलिएको देखिएको छ । तीमध्ये केही हतियार अपराधमा प्रयोग भएको पुष्टि भइसकेको छ । यस्ता संवेदनशील हतियार गलत व्यक्तिको हातमा परे भने घोषित निर्वाचन र आम जनजीवन दुवै जोखिममा पर्न सक्छ ।

यो केवल आन्तरिक विषयमात्र होइन, अन्तर्राष्ट्रिय समुदायले पनि यसलाई गम्भीर रुपमा हेर्ने सम्भावना छ । नेपाल लामो समयदेखि शान्ति, बुद्धको जन्मभूमि र सहिष्णुताको प्रतीकको रुपमा चिनिँदै आएको देश हो । तर यदि मुलुकमै असुरक्षाको वातावरण फैलियो भने नेपालको यो सकारात्मक छवि विश्व मञ्चमा धमिलिन सक्छ । सुरक्षाको कमजोरीले कतिपय देशले नेपाली नागरिकलाई भिसा प्रक्रियामा पनि कडाइ गर्न थालेका छन् । यस्तो अवस्थामा सरकारले नेपाल शान्त छ भन्ने स्पष्ट सन्देश दिन अत्यावश्यक छ ।

त्यसैले अब तीनवटा कार्य तुरून्त गर्नुपर्छ । पहिलो, फरार कैदी र हराइरहेका हतियारहरुको खोजी तथा नियन्त्रणमा कडाइ गर्नुपर्नेछ । दोस्रो, कारागार सुरक्षा प्रणालीलाई डिजिटल र सुदृढ बनाउनु पर्नेछ । तेस्रो, नागरिकमा शान्ति र कानुनी राज्यप्रतिको विश्वास पुनर्स्थापित गर्न प्रभावकारी सञ्चार नीति अपनाउनु पर्नेछ । अहिले पर्यटनको मुख्य सिजन हो, असुरक्षाका कारण धेरै पर्यटकले नेपालको यात्रा कटौती गरेका छन् । यस्ता थुप्रै नकारात्मक प्रभाव मुलुकले भोग्नु परेको छ । नयाँ सरकार गठनसँगै मुलुकमा नयाँ आशा जागेको छ । यही बेला सरकारले ठोस कदम चालेर जनतामा सुरक्षा र स्थायित्वको भरोसा जगाउनुपर्छ ।

जेन-जी आन्दोलनले दिएको सन्देशलाई सुधार र शान्तिको दिशामा लैजाने जिम्मेवारी पनि यही सरकारले लिनुपर्छ । शान्त, सुरक्षित र स्थिर नेपाल विश्वसामु प्रस्तुत गर्नु अहिलेको सबैभन्दा ठूलो आवश्यकता हो । नेपाल शान्त भएको सन्देश केवल नारा होइन, यो हाम्रो अस्तित्व, गरिमा र भविष्यसँग जोडिएको विषय हो । यसमा सबै पक्ष गम्भीर हुनुपर्छ ।

# जेनजी र पाकाहरूको होइन, पुरानो र नयाँ विचारको लडाइँ



**बलिन्द्र योङहाङ**

'जेनेरेसन' भन्ने अवधारणा केवल जैविक आयु वा उमेरको सीमामा बन्द विचार होइन, यो ऐतिहासिक चेतनाको एउटा रूप हो । पश्चिमी समाजमा यसले औद्योगिक क्रान्तिपछि जन्मिएका पुस्ताहरू- जस्तै बेबी बुमर्स, जेनेरेसन-एक्स, मिलेनियल्स, जेनजी आदि- बीचको सांस्कृतिक र प्राविधिक भिन्नता व्याख्या गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ ।

कार्ल म्यानहेइमको प्रशिद्ध लेख **The Problem** या **Generations** (१९२८) ले यस अवधारणालाई सैद्धान्तिक रूप दिँदै, प्रत्येक पुस्ता आफ्नो ऐतिहासिक सन्दर्भ, राजनीतिक घटना र प्रविधिक वातावरणसँग सम्बन्धित चेतनाको वाहक हुन्छ भन्ने तर्क प्रस्तुत गर्छ ।

तर, यो सैद्धान्तिक ढाँचा पश्चिमी औद्योगिक र पुँजीवादी समाजको उत्पादन हो, जहाँ इतिहासको रूपान्तरण र चेतनाको स्तर तुलनात्मक रूपमा समान छ । नेपालजस्तो दलाल-सामन्ती-पूँजीवादी समाजमा भने इतिहासको प्रवाह असमान छ, रूपान्तरणको गति फरक-फरक छ र चेतना वर्गीय असमानताबाट जन्मिन्छ। त्यसैले यहाँ म्यानहेइमको सिद्धान्त पूर्णरूपमा मेल खाँदैन ।

नेपालको सामाजिक इतिहास हेर्दा बुझिन्छ- यहाँको चेतना 'पुस्तागत' नभई 'राजनीतिक' रूपमा परिभाषित हुँदै आएको छ। वि.सं. २००७ सालको क्रान्तिले पहिलोपटक सामन्ती संरचनामा प्रहार गर्‍यो तर त्यो चेतना केही शिक्षित सहरी वर्गमा सीमित रह्यो । गाउँ-सहरको अन्तर, वर्गीय विभाजन र राज्यशक्तिको केन्द्रीयकरणले रूपान्तरणलाई असमान बनायो ।

वि.सं. २०१७ सालमा राजा महेन्द्रले पञ्चायती व्यवस्था लागू गरे, जसले क्रान्तिको चेतना संस्थागत हुनु भन्दा अघि नै विघटन गर्‍यो । पञ्चायती शासनले जनताको राजनीतिक चेतनालाई दबाएर पुरानो सामन्ती संरचना पुनर्स्थापित गर्‍यो–तर यसपटक आधुनिक राष्ट्रवाद र विकासका नाममा ।

वि.सं. २०३६ को विद्यार्थी आन्दोलन यस दमनविरुद्ध उठेको आवाज थियो, जसले जनमत-संग्रह गराउन सफल भयो तर परिणाममा पञ्चायत नै विजयी भयो । यसरी २००७ सालको चेतना राजनीतिकरूपमा विच्छिन्न रह्यो र त्यसको विरासत केवल सहरी मध्यमवर्गीय युवामा सीमित हुन पुग्यो । यही ऐतिहासिक विच्छेदनले नेपालमा पुस्तागत चेतनाको निरन्तरता सम्भव हुन दिएन, चेतना हरेक मोडमा वर्गीय संघर्ष र प्रतिक्रान्तिको द्वन्द्वमा पुनः जन्मिन बाध्य भयो ।

वि.सं. २०४६ को जनआन्दोलनले नागरिक अधिकार र बहुदलीय प्रणालीको उद्घोष गर्‍यो, जसले नयाँ पुस्ताको राजनीतिक चेतनामा प्रभाव पार्‍यो । तर त्यो चेतना पनि एक समान थिएन । एकातिर सहरी विद्यार्थी आन्दोलनका प्रगतिशील युवा थिए, अर्कातिर ग्रामीण किसान र श्रमिक, जो अझै पुरानै शक्ति-संरचनामा बाँधिएका थिए ।

वि.सं. २०५२-२०६२ को जनयुद्धले वर्गीय संघर्षलाई नयाँ उचाइमा पुर्‍यायो । यसले जातीय, लैंगिक र क्षेत्रीय प्रश्नहरूलाई राजनीतिक चेतनाको केन्द्रमा ल्यायो । युवाले आफूलाई कुनै पुस्ताका सदस्यका रूपमा होइन, क्रान्तिकारी विषय (**revolutionary subject**)का रूपमा परिभाषित गर्न थाले ।

चेतनाको मूल कारण उत्पादन-सम्बन्धमा हुन्छ, न कि तथाकथित जेनेरेसनमा । उत्पादनका साधन कसको नियन्त्रणमा छन् र उत्पादनको परिणाम कसले उपभोग गर्छ-यहीँबाट वर्गीय सम्बन्ध र चेतनाको भिन्नता जन्मिन्छ ।

पश्चिमी समाजमा 'जेनेरेसन' पुँजीवादी समाजको उपज हो, जसले वर्गसंघर्ष ढाकछोप गरेर सांस्कृतिक उपभोगका फरक ढाँचालाई प्राथमिकता दिन्छ । ग्राम्सीको सांस्कृतिक वर्चस्ववाद (**cultural hegemony**) अनुसार यस्तो अवधारणा शासक वर्गले संस्कृति, शिक्षा र मिडियामार्फत फैलाएको विचारधारात्मक औजार हो, जसले वास्तविक शोषणलाई सामान्यीकरण गर्छ ।

'जेनजी' वा 'मिलेनियल्स' जस्ता शब्दहरूले सामाजिक अन्तरलाई उमेर, प्रविधि वा सौन्दर्य-रूचिमा सीमित गर्छन्, तर उत्पादन-सम्बन्धको असमानता, शोषण वा श्रम-मूल्यको विभाजनलाई समेट्दैन । नेपालजस्तो समाजमा, जहाँ वर्गीय चेतनाले नै रूपान्तरणको दिशा निर्धारण गरेको छ, यस्तो वर्गीकरण स्वभावतः भ्रमपूर्ण र सीमित हुन्छ ।

नेपालको चेतनाको मूल संघर्ष 'बूढा पुस्ता' र 'तन्नेरी पुस्ता' बीच होइन, यो 'शोषक वर्ग' र 'शोषित वर्ग' बीचको संघर्ष हो । नेपालको राजनीतिक रूपान्तरण उमेरभन्दा बढी वर्गीय अन्तरका अभिव्यक्ति हो ।

केही सहरी युवामा डिजिटल उपभोक्तावादी संस्कृतिले 'जेनजी' पहिचानलाई प्रभाव पारे पनि, यो पहिचान उत्पादन-सम्बन्धको असमानताले बाँधिएको छ । जबकि ग्रामीण युवाहरू अझै कृषिजन्य जीवन, परम्परागत मूल्य र श्रम-यथार्थसँग गाँसिएका छन् । यी दुई समूहलाई एउटै पुस्ता भनेर बुझ्नु बौद्धिक पाखण्ड हो ।

यस भिन्न चेतना-संरचनामा जातीय र लैंगिक आयाम पनि जोडिन्छन् । मधेसी, दलित, जनजाति तथा पिछडिएका समुदायहरूको पहिचान वर्गीय शोषणसँग अन्तरक्रिया गर्दै चेतनाको स्वरूप निर्धारण गर्छ, जसरी महिलाहरूको अनुभवमा लैंगिक असमानताले वर्गीय संघर्षमा नयाँ आयाम थप्छ ।

यही सन्दर्भमा अर्नेस्टो लक्लाउको उत्तर-मार्क्सवादी दृष्टिकोण सान्दर्भिक देखिन्छ । पहिचानहरू स्थिर होइनन्, ती समाजमा विद्यमान शक्ति-सम्बन्ध र राजनीतिक संघर्षका माध्यमबाट निर्माण हुन्छन् ।

तर पश्चिमी पहिचान-राजनीतिको अत्यधिक प्रयोगले वर्गीय चेतनाको सामूहिक स्वरूपलाई कमजोर बनाउँछ, जसले वर्गीय द्वन्द्वलाई व्यक्तिगत अधिकार र सांस्कृतिक भिन्नतामा सीमित गर्छ। परिणामतः, पहिचानको राजनीति वर्गीय मुक्ति होइन, आत्म-अभिव्यक्तिको माध्यममा परिणत हुन्छ । नेपालमा भने पहिचान र वर्गीय चेतना अन्तर्घुलित छन् । यही अन्तरघुलनले जनयुद्ध जस्ता आन्दोलनहरूलाई बहुआयामी स्वरूप दिएको हो- जहाँ जातीय, लैंगिक र वर्गीय मुद्दाहरू एकैसाथ उठेका थिए ।

नेपालको राजनीतिक संक्रमणले देखाएको छ कि यहाँ रूपान्तरणका चरणहरू पुस्तागत होइन, वर्गीय र विचारगत हुन् । २०४६ सालको चेतना २०६२/६३ को आन्दोलनमा पुनर्जीवित भएर अझ प्रगतिशील र गणतान्त्रिक स्वरूपमा अघि बढ्यो ।

दुई पुस्ताको समयान्तर हुँदाहुँदै चेतनाको आधार एउटै रह्यो– सामाजिक मुक्ति र रूपान्तरण । त्यसैले नेपालमा चेतना पुस्ता बदलिएर होइन, वर्गीय संघर्षका नयाँ रूपमा निरन्तर अवतरित हुँदै आएको छ ।

पश्चिमी समाजमा जेनजीलाई डिजिटल नेटिभ भनिन्छ । अर्थात्, प्रविधिसँग जन्मिएको पुस्ता । तर, नेपालमा प्रविधिको प्रवेश असमान छ । म्बतब च्भउयचतबा (२०२५) अनुसार नेपालमा १६.५ मिलियन इन्टरनेट प्रयोगकर्ता छन् (कुल जनसंख्याको ५५.८ प्रतिशत) । तर यो पहुँच सहरी क्षेत्रमा केन्द्रित छ । ग्रामीण क्षेत्रमा इन्टरनेटको दर अझै न्यून छ, जसले डिजिटल विभाजनलाई स्पष्ट देखाउँछ। इन्टरनेट र मोबाइल प्रविधिको प्रसार सन् २०१० पछि मात्रै तीव्र भयो र त्यसको सामाजिक प्रभाव अझै सीमित छ ।

यस कारण नेपाली युवा पश्चिमी अर्थमा 'डिजिटल नेटिभ' होइनन्; उनीहरू डिजिटल संक्रमणकालीन पुस्ता हुन्– जो प्रविधिको प्रयोग गर्दैछन् तर त्यसको वर्गीय प्रभाव बुझ्न अझै संक्रमणमै छन् । यस संक्रमणमा जातीय र लैंगिक आयामहरूले थप जटिलता थप्छन् ।

समाज पितृसत्तात्मक संरचनामा जकडिएको हुँदा महिलाहरूको डिजिटल अनुभव अझ सीमित छ । विश्व बैंक (२०२१) का अनुसार नेपालमा पुरुष र महिलाबीचको वयस्क साक्षरता अन्तर १७.७ प्रतिशत छ, जसले डिजिटल सहभागितामा लिङ्ग-असमानतालाई प्रतिबिम्बित गर्छ ।

पुँजीवादी उत्पादन-सम्बन्धले प्रविधिलाई नयाँ प्रकारको श्रम-शोषण र सांस्कृतिक वर्चस्वको औजार बनाएको छ। त्यसैले, नेपालमा प्रविधि-आधारित जेनेरेसन अवधारणा नव-औपनिवेशिक विचारको प्रतिरूप हो– एक यस्तो विचार जसले वर्गीय अन्तरलाई प्रविधिक भिन्नताले ढाक्ने असफल प्रयास गर्छ ।

'जेनजी' को मिथक नेपालमा चेतनाको वर्गीय रूप लुकाउने नयाँ वैचारिक औजार मात्र हो ।

नेपालको चेतनाको मूल संघर्ष 'बूढा पुस्ता' र 'तन्नेरी पुस्ता' बीच होइन, यो 'शोषक वर्ग' र 'शोषित वर्ग' बीचको संघर्ष हो । नेपालको राजनीतिक रूपान्तरण उमेरभन्दा बढी वर्गीय अन्तरका अभिव्यक्ति हो ।

जनयुद्धका समयमा विद्यार्थी, किसान, शिक्षक र मजदुर एउटै चेतनामा एकीकृत भए, जसलाई कुनै 'जेनेरेसन' नामको दाम्लोले बाँध्न सकिँदैन । त्यसपछि आएको गणतान्त्रिक संक्रमण, संघीय पुनर्संरचना र संविधान निर्माणका आन्दोलनहरूमा पनि यही निरन्तरता देखिन्छ ।

त्यसैले 'जेनजी' को मिथक नेपालमा चेतनाको वर्गीय रूप लुकाउने नयाँ वैचारिक औजार मात्र हो। वास्तवमा, समाज संक्रमणकालीन असंगतिको ( तचबलकष्तष्यलबा मष्कवगलअ( तगचभ) अवस्थामा छ, जहाँ विभिन्न वर्गीय र सांस्कृतिक चेतनाहरू एकैसाथ तर असमान रूपमा विकसित हुँदैछन् ।

मार्क्सवादी दृष्टिले चेतनाको विकास समाजको भौतिक आधारमा टेकेको हुन्छ। नेपालमा त्यो भौतिक आधार–उत्पादन प्रणाली, रोजगारी, शिक्षा र प्रवासनको अनुभव–सबै असमान छन् । त्यसैले चेतनाको निर्माण पनि जटिल र असमान हुन्छ ।

सहरमा दलाल पूँजीवाद हावी छ, गाउँमा सामन्ती अवशेष अझै बाँकी छ । यही असमान गतिले नेपाललाई बहु-कालिक समाज बनाउँछ, जहाँ आधुनिकता र परम्परा, क्रान्ति र प्रतिक्रान्ति, वर्गीय मुक्ति र उपभोक्तावाद सह-अस्तित्वमा छन् ।

यसरी हेर्दा नेपालमा 'जेनेरेसन' अवधारणा अनुपयुक्त मात्र होइन, वैचारिकरूपमा प्रतिगमनकारी पनि हो । यसले सामाजिक संघर्षलाई उपभोक्तावादी संस्कृतिमा रूपान्तरण गरी वर्गीय द्वन्द्वलाई विद्रुपीकरण गरेर व्यक्तिवादी राजनीतिले विस्थापन गर्छ । नेपालमा सामाजिक रूपान्तरण वर्गीय संघर्ष र असमान विकासबाट निर्देशित हुन्छ। नेपालको वास्तविक शक्ति म्यानहेइमको 'पुस्ता-वर्गीकरण' होइन, 'वर्गीय चेतना' हो । त्यो चेतना, जसले मजदुर, किसान, विद्यार्थी र निम्न वर्गका मानिसहरूलाई एउटै मुक्ति आन्दोलनमा संगठित गर्छ ।

अन्ततः, नेपालको सामाजिक संरचना बुझ्न 'जेनजी' वा 'मिलेनियल्स' जस्ता पपुलिस्ट शब्दभन्दा ऐतिहासिक भौतिकवादको दृष्टिकोण आवश्यक छ । पुस्ता बदलिँदै गए पनि चेतना वर्गीय संघर्षको निरन्तर रूप हो । त्यसैले, नेपालमा जेनेरेसन अवधारणा सैद्धान्तिक रूपमा भ्रामक र घातक छ । किनभने, यसले असमान इतिहास, बहु-कालिकता र वर्गीय द्वन्द्व बुझ्न असमर्थ छ ।

नेपाल अझै सामाजिक संक्रमणको यात्रामा छ, जहाँ प्रत्येक पुस्ताले कुनै 'जेनेरेसन' होइन, नयाँ वर्गीय अवस्थाको प्रतिनिधित्व गर्छन् । नेपाली युवाले पुँजीवादी मिथक अस्वीकार गरेर आफूलाई क्रान्तिकारी विषयका रूपमा पुनर्परिभाषित गर्न आवश्यक छ–यही नै सच्चा मुक्तिको आधार हो ।

(फरक आयाम साहित्यिक आन्दोलनका अभियानकर्मी बलिन्द्र योङहाङ हाल दक्षिण कोरियामा छन् )


## कटहरिया नगरपालिकाद्वारा जनहितमा जारी सन्देश

- नगरपालिका लाई बुझाउनु पर्ने घर, जग्गा कर मालपोत दस्तुर ब्यावसाय कर लगायत कर नियमित गरौं ।
- घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं ।
- भवन निर्माण मापदण्ड २०६४ र भवन संहिता नगरपालिकामा नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- सार्वजनिक सम्पत्ति संर क्षणमा नगरपालिकालाई सहयोग गरौं ।
- आफ्नो घर आँगनबाट उतपन्न हुने फोहोरलाई उचित ब्यवस्थापन गरि सफा र सुन्दर नगरपालिका बनाउन सहयोग गरौं ।

कटरिया नगरपालिकाको कार्यालय, कटहरिया, रौतहट


।।।समृद्ध नेपाल, सुखी नेपाली' दीर्घकालीन राष्ट्रिय आकांक्षा हो । राष्ट्रिय आकांक्षा पूरा गर्न हामी पनि योगदान गरौं । - प्रसौनी गाउँपालिका, बारा

## अन्तराष्ट्रिय समाचार

# क्षेत्रीय तनावबीच प्रधानमन्त्री ताकाइचीद्वारा जापानको रक्षा खर्च र सैन्य क्षमता वृद्धि गर्ने प्रतिबद्धता



***टोकियो-*** जापानकी नयाँ प्रधानमन्त्री साने ताकाइचीले शुक्रबार संसदमा पहिलो नीतिगत सम्बोधन गर्दै देशको रक्षा क्षमता अभिवृद्धि र सैन्य खर्च बढाउने स्पष्ट प्रतिबद्धता व्यक्त गरेकी छिन् ।

चीन, उत्तर कोरिया र रुससँग बढ्दो क्षेत्रीय तनावका बीच उहाँले जापानको सुरक्षा रणनीति छिट्टै अद्यावधिक गर्ने र राष्ट्रिय सुरक्षालाई सुदृढ पार्ने योजना सार्वजनिक गरेकी हुन् ।

जापानकी पहिलो महिला प्रधानमन्त्रीको रूपमा मङ्गलबार पदभार ग्रहण गरेकी ताकाइची महिनौं लामो राजनीतिक अनिश्चितता अन्त्य गर्दै सत्तासीन भएकी हुन् । लगातार निर्वाचन पराजयपछि सत्तारूढ दलभित्रको सत्तासङ्घर्षका कारण सिर्जित राजनीतिक शून्यता उनको नेतृत्वमा अन्त्य भएको बताइन्छ ।

प्रधानमन्त्री ताकाइचीले आफ्नो सम्बोधनमा जापानले सन् २०२७ भन्दा पहिले नै रक्षा खर्चलाई कुल घरेलु उत्पादन जिडिपीको दुई प्रतिशतमा पुर्‍याउने लक्ष्य हासिल गर्ने बताइन् । "हामी मार्चसम्म यो लक्ष्य पूरा गर्नेछौं", उनले भनिन् ।

साथै उनले जापानको राष्ट्रिय सुरक्षा रणनीति सन् २०२६ को अन्त्यसम्म पुनः संशोधन गरिने पनि बताइन् । जापानले विगतमा यो रणनीति प्रत्येक दशकमा एक पटक मात्र संशोधन गर्ने परम्परा राख्दै आएको छ । अन्तिम पटक सन् २०२२ मा अद्यावधिक गरिएको थियो ।

उनले युक्रेनमा रुसको आक्रमण र मध्यपूर्वका द्वन्द्वका कारण विश्व सुरक्षा वातावरणमा आएको अस्थिरताले जापानलाई पनि आफ्नो रणनीति तत्काल परिमार्जन गर्न बाध्य बनाएको बताइन् । "स्वतन्त्र, खुला र स्थिर अन्तर्राष्ट्रिय व्यवस्था अहिले शक्ति सन्तुलन र भूराजनीतिक प्रतिस्पर्धाको तीव्रताले गहिरो रूपमा हल्लिएको छ", उनले भनिन्, "चीन, उत्तर कोरिया र रुसका सैन्य गतिविधिहरूले जापानका लागि गम्भीर चिन्ता उत्पन्न गरेका छन् ।"

ताकाइचीले जापानको आत्मरक्षा बल (सेल्फ डिफेन्स फोर्स) लाई बलियो र सक्षम बनाउन आक्रामक रणनीति आवश्यक रहेको बताइन्। उनका अनुसार जापानले आफ्नो रक्षा संरचनाको आधारभूत निर्माणलाई तीव्र रूपमा अघि बढाउनेछ ।

प्रधानमन्त्री ताकाइचीको यो घोषणा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको आगामी अक्टोबर २७ देखि २९ सम्म हुने टोकियो भ्रमणअघि आएको हो । उक्त भ्रमणमा दुवै नेताबीच जापान-अमेरिका सम्बन्ध, रक्षा खर्च वृद्धि र अमेरिकी हतियार खरिदसम्बन्धी छलफल हुने अपेक्षा गरिएको छ । ट्रम्पसँगको यो भेट ताकाइचीका लागि प्रमुख कूटनीतिक परीक्षा मानिएको छ ।

ताकाइचीले विश्वास र परस्पर सम्मानका आधारमा जापान-अमेरिका गठबन्धनलाई अझ सुदृढ पार्ने आफ्नो इच्छा व्यक्त गरिन् । साथै, उनले चीनसँग पनि स्थिर र रचनात्मक सम्बन्ध कायम गर्नुपर्नेमा जोड दिइन् । तर, उनले दुई देशबीच सुरक्षा चिन्ताहरू रहँदै आएको पनि स्वीकार गरिन् ।

विश्लेषकहरूका अनुसार ताकाइचीको कट्टर राजनीतिक विचारधारा, जापानको युद्धकालीन इतिहासप्रतिको दृष्टिकोण र यासुकुनी मन्दिरप्रतिको उनको विगतको आवागमनले टोकियो-बेइजिङ सम्बन्धमा पुनः चिसोपन ल्याउन सक्छ।

सुरक्षा रणनीतिमा हुने संशोधनले जापानलाई थप आक्रामक भूमिकातर्फ उन्मुख गराउन सक्छ। यसले हतियार निर्यातसम्बन्धी कानूनी प्रतिबन्धहरू खुकुलो पार्न र सैन्य बजेट बढाउन सहयोग पुर्‍याउन सक्छ। यद्यपि, उनले यी कार्यक्रमहरूको वित्तीय स्रोतबारे विस्तृत विवरण दिएकी छैनन्।

अल्पसङ्ख्यक सरकारले यी नीतिहरू कार्यान्वयन गर्न विपक्षी दलहरूको सहयोग आवश्यक पर्ने भएकाले ताकाइचीको कार्य चुनौतीपूर्ण रहने देखिन्छ ।

घरेलु रूपमा भने उनको प्रमुख प्राथमिकता बढ्दो मुद्रास्फीति, स्थिर ज्याला दर र जनताको घट्दो खरिद क्षमतालाई सन्तुलनमा ल्याउनु रहेको छ। साथै, आफ्नै दलभित्रका रूढिवादी समूहहरूबाट पुनः समर्थन प्राप्त गर्नुपर्ने आवश्यकता पनि उहाँका लागि महत्त्वपूर्ण चुनौती बनेको छ ।

लिबरल डेमोक्रेटिक पार्टी एलडिपी र दक्षिणपन्थी जापान इनोभेसन पार्टीबीचको नयाँ गठबन्धनले जापानको राजनीति अझ दक्षिणतर्फ झुक्ने आशङ्का पैदा गरेको छ ।

ताकाइचीले देशमा बढ्दो श्रम अभावलाई सम्बोधन गर्न विदेशी कामदारहरूको आवश्यकता रहेको स्वीकार गरिन्। तर, उनले जापानको कानून र नियमको पूर्ण पालना गर्ने विदेशीहरूलाई मात्र अनुमति दिइने स्पष्ट पारिन्। "केही विदेशीद्वारा नियम उल्लङ्घन र गैरकानूनी गतिविधिका कारण जापानी जनतामा असहजता र अन्यायको भावना उत्पन्न भएको छ", उनले भनिन्, "तर यसलाई विदेशप्रतिको घृणा (जेनोफोबिया) का रूपमा लिनु हुँदैन ।"

यसै सन्दर्भमा प्रधानमन्त्री ताकाइचीले आर्थिक सुरक्षामन्त्री किमी ओनोडालाई विदेशीहरूद्वारा जापानमा गरिने जमिन खरिद र कानूनी अनुपालनको अध्ययन तथा नियमन सुदृढ गर्न निर्देशन दिएकी छिन् । यो पहल विशेष गरी चिनियाँ लगानीकर्ताहरूसँग सम्बन्धित रहेको बताइन्छ ।

उक्त कदमले ती जापानी नागरिकहरूलाई आकर्षित गर्ने उद्देश्य राखेको छ, जो हालका वर्षहरूमा 'जापानी फर्स्ट' नीतिलाई समर्थन गर्ने अति-दक्षिणपन्थी समूहहरूप्रति आकर्षित भएका छन्। यद्यपि सरकारी तथ्याङ्कअनुसार जापानमा विदेशी जनसङ्ख्याको वृद्धि भए पनि तिनीहरूमध्ये अपराध दर घट्दो क्रममा रहेको छ ।

प्रधानमन्त्री ताकाइचीको नयाँ नीतिहरूले जापानलाई सुरक्षा, अर्थतन्त्र र सामाजिक नीतिका क्षेत्रमा नयाँ दिशातर्फ लैजाने अपेक्षा गरिएको छ ।

## छठ पर्वमा........

अस्तित्वसँग जोडिएको पर्व हो। यसमा बिदा नदिँदा राज्यले फेरि एकपटक मधेशप्रति विभेद गरेको स्पष्ट सन्देश दिएको छ ।

संविधानले धर्म, भाषा, संस्कृतिको समान अधिकार सुनिश्चित गरेको भए पनि छठ जस्ता प्रमुख आस्थाका पर्वहरूमा बिदा नदिनु राज्यको असंवेदनशीलता भएको भन्दै विभिन्न संघ-संस्था र धार्मिक अगुवाहरूले सरकारसँग तात्कालिक निर्णयका लागि आग्रह गरेका छन् ।

## आमा सुरक्षा.......

उपचार नपाउने हो कि भन्ने डर लाग्छ ।" रुरुअस्पतालका सञ्चालक सुभास चौधरीले प्रचारमा मात्र आफूलाई 'निःशुल्क सेवादाता' को रूपमा प्रस्तुत गरे पनि भित्रि रूपमा भने सेवाको नाममा 'लुट' मच्चाएको आरोपले उनले गरेको दाबीलाई गिज्याएको छ । स्थानीय एक सामाजिक कार्यकर्ताले भने, "उखानमा मात्र सुनेको थिएँ- 'हात्तीको खाने दाँत र देखाउने दाँत' फरक हुन्छन् भनेर, चन्द्रपुर अस्पतालको हकमा त्यो यथार्थमा परिणत भएको देखिन्छ । बाहिर निःशुल्क सेवाको बोर्ड टाँसेर भित्रभित्रै सेवाग्राहीलाई निचोरिएको छ ।"

रुयस सम्बन्धमा चन्द्रपुर अस्पताल प्रा.लि.का सञ्चालक सुभास चौधरीसँग सम्पर्क गर्न खोज्दा सम्पर्क हुन सकेन । तर, अस्पताल प्रशासन स्रोतले भने सबै सेवा तोकिएको मापदण्डअनुसार नै निःशुल्क रहेको र केही विशेष अवस्थाका लागि आवश्यक पर्ने खर्चहरू सेवाग्राहीको जानकारीमै लिने गरिएको दाबी गरेको छ ।

रुसरकारी निकायको मौनता

रुसरकारी कार्यक्रममाथि खुलेआम प्रश्न उठ्दा पनि यस क्षेत्रका स्वास्थ्य सम्बद्ध सरकारी निकायहरू र स्थानीय प्रशासनको मौनताले शङ्का उब्जाएको छ । 'आमा सुरक्षा कार्यक्रम'को कार्यान्वयन र नियमन गर्ने निकायहरूले चन्द्रपुर अस्पतालको गतिविधिमाथि तत्काल छानबिन गरी सत्यतथ्य बाहिर ल्याउनुपर्ने र दोषीमाथि कारबाही गर्नुपर्ने माग सेवाग्राही र नागरिक समाजले राखेका छन्। रुजनस्वास्थ्य जस्तो संवेदनशील विषयमा यसरी हुने आर्थिक शोषणले सरकारी कार्यक्रमको विश्वसनीयता गुम्ने खतरा बढ्छ, जसको प्रत्यक्ष असर दुर्गम तथा विपन्न वर्गका महिलाहरूको स्वास्थ्य सेवामा पहुँचमा पर्ने देखिन्छ। स्थानीय प्रशासनले यस विषयलाई गम्भीरतापूर्वक लिएर कार्यक्रमको प्रभावकारी अनुगमन र नियमन गर्न ढिला गर्नु हुँदैन।


## जनहितमा जारी सूचना

वस्तु उत्पादक कम्पनीहरूले आफ्नो उत्पादनमा:

- उत्पादकको नाम, ठेगाना र उद्योग दर्ता नम्बर,
- खाद्य पदार्थ र औषधि जस्ता वस्तुमा मिश्रण, परिमाण र तौल,
- गुणस्तर निर्धारण भएको वस्तुमा गुणस्तर चिन्ह,
- वस्तु उपभोग गर्ने तरिका,
- वस्तुको उपभोग गर्दा हुन सक्ने प्रभाव,
- वस्तुको मूल्य, ब्याच नम्बर, उत्पादन मिति र उपभोगको म्याद सकिने मिति उल्लेख गर्नु पर्दछ।
- त्यस्तो गरेको नपाइए तत्काल वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग वा स्थानीय प्रशासनमा उजुरी गरौं।

फेटा गाउँपालिका
फेटा, बारा, मधेस प्रदेश, नेपाल



## जनहितमा जारी सूचना

- आपतकालीन अवस्थामा चाहिने सामग्री सुरक्षित रुपमा भण्डारण गरौं,
- बाढीको सम्भावना भएको बेला सतर्क बनौं र सुरक्षित स्थानमा सरौं,
- पहिरो सम्भावित क्षेत्रमा सकेसम्म यात्रा नगरौं,
- घर बनाउँदा सुरक्षित स्थान, संरचना र प्रविधिको प्रयोग गरौं,
- आपतकालीन झोला (औषधि, पानी, टर्च, सञ्चारका साधनसहित) तयार राखौं,
- विपद् पूर्वतयारीसम्बन्धी तालिममा सहभागी बनौं,
- विपपछि भ्रम र डर नफैलाऔं, आधिकारिक सूचना मात्र अनुसरण गरौं,
- सामूहिक सहयोग, सजगता र तयारीले मात्र विपद्बाट हुने क्षति न्यूनीकरण गर्न सकिन्छ।

प्रसौनी गाउँपालिका
प्रसौनी, बारा, मधेस प्रदेश, नेपाल



## जनहितमा जारी सूचना

### जलवायु परिवर्तनका असरबाट बचौं र बचाऔं

- अनावश्यक उर्जाको खपत नगरौं,
- सुधारिएको चुल्हो, बायोग्याँस, सौर्य उर्जा जस्ता नविकरणीय उर्जाको प्रयोग गरौं,
- सकेसम्म विद्युतबाट चल्ने सवारी साधनको प्रयोग गरौं,
- वनजंगलको संरक्षण र बृक्षारोपण गरौं,
- काम नलाग्ने सामानको पुन: प्रयोग र पुन: प्रशोधन गरौं,
- घरबाट निस्कने फोहोरलाई जथाभावी नफालौं,
- जैविक फोहोरलाई कमपोष्ट मल बनाऔं,
- आफ्नो छरछिमेक र गाउँघरमा भएका परम्परागत ज्ञानलाई संरक्षण र संवर्द्धन गरौं।

परवानीपुर गाउँपालिका
परवानीपुर, बारा, मधेस प्रदेश, नेपाल


तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - देवताल गाउँपालिका, बारा

# भव्य र सभ्य तरिकाले सुरक्षाका बीच कृष्णानगरको लक्ष्मी मूर्ति विसर्जन

***अजय मिश्र,***
***कपिलवस्तु , ०७ कार्तिक***




कपिलवस्तुको कृष्णनगर लगायत विभिन्न स्थानमा लक्ष्मी पूजाको आवसरमा स्थापना गरिएका लक्ष्मी मूर्ति प्रहरीको सुरक्षाको साथ नदी, ताल र पोखरीमा हिजो र आज विसर्जन गरिएको छ ।

सोही क्रममा कृष्णानगरमा स्थापना गरिएका मूर्ति हरू

कृष्णनगरका जनप्रतिनिधि तथा सामाजिक व्यक्तित्वको अगुवाईमा कृष्णनगर बजारबाट मूर्ति विसर्जनको यात्रा सुरु भएको थियो । भक्तजनहरू नाचगानका साथ मूर्तिलाई कृष्णनगर बजार परिक्रमा गराई विसर्जन गरेका छन् । कृष्णनगर बजार क्षेत्रमा गणेश, लक्ष्मी, सरस्वती लगायतको मूर्ति स्थापना गरेर धर्मशास्त्र अनुसार पुजापाठ गरी भाईटीका पछि आज मूर्ति विसर्जन गरिएको हो ।

तराई मधेसमा खास गरेर हिन्दु धर्मावलम्बीहरूले लक्ष्मी देवीको विशेष पूजापाठ गरि मुर्ति विसर्जन गर्ने गरीन्छ । मुर्ति बिसर्जनका क्रममा झडप समेत हुन सक्ने भन्दै प्रहरीको कडा सुरक्षा व्यवस्थाका बिचमा मुर्तिलाई नगर परिक्रमा गराइ विसर्जन स्थल सम्म पुर्याइएको थियो । सुरक्षा व्यवस्था मिलाउनका लागि प्रहरीले ड्रोन क्यामरा मार्फत निगरानी समेत गरि रहेको थियो ।

कृष्णनगरमा बजार क्षेत्र हुदै जाने एक दर्जन भन्दा बढ़ी स्थानमा पुजापाठ गरी स्थापना गरिएका मूर्तिहरु सुरक्षा दिई शान्तिपूर्वक विसर्जन भएको ईलाका प्रहरी कार्यालय कृष्णनगर प्रमुख प्रहरी निरीक्षक ईश्वर लौडारीले जानकारी दिए ।

मूर्ति विसर्जनमा एम्बुलेंस, दमकल तथा नेपाल विद्युत प्राधिकरण वितरण केन्द्र कृष्णनगरको गाडि समेत कतै विद्युतको तार भाच्चिन्छ की भनेर गाडी टोली परिचालन गरिएको थियो।

कृष्णनगमा मूर्ति विसर्जनको क्रममा नगर प्रमुख रजत प्रताप शाह, वडाध्यक्ष कृष्ण कुमार गुप्ता, उद्योग वाणिज्य संघ कृष्णानगरका अध्यक्ष रितेश शर्मा, युवा नेता कुनाल प्रताप शाह लगायत सशस्त्र प्रहरी नायब उपरिक्षक तुला बहादुर चौधरीको कमाण्डमा खटिएको सशस्त्र प्रहरी टोली, नेपाल प्रहरी, जनप्रतिनिधि, समाजसेवी, बुद्धिजीवी, हिन्दु भक्तजनहरुको वृहत सहभागितामा मूर्ति विसर्जन गरिएको थियो ।

# बीरगन्जमा प्रदूषणविरूद्ध आक्रोशः स्थानीयले उद्योगका अधिकारीलाई कालो मोसो दले

***बीरगन्ज, ०७ कात्तिक***




छठ पर्व नजिकिँदै गर्दा प्रदूषण नियन्त्रणको माग तीव्र बनेको छ । बीरगन्ज महानगरपालिका-३२, चोर्नीस्थित नेपाल पेट्रो ल्युब इन्डस्ट्रिज प्रालिका अधिकारीहरू स्थानीयवासीको आक्रोशको निशानामा परेका छन् ।

स्थानीयवासीको एक समूहले शुक्रबार कम्पनीका अधिकारीहरूलाई कालो मोसो दलेर विरोध प्रदर्शन गरेको छ। उनीहरूका अनुसार, कम्पनीले उत्पादन गर्ने 'म्याक्सोल ल्युब्रिकेन्ट' बनाउने क्रममा निस्किने रासायनिक फोहोर नजिकैको नदीमा फालिँदा पानी अत्यधिक प्रदूषित भएको छ । नदी प्रदूषणका कारण स्थानीयको स्वास्थ्यमा असर परिरहेको र छठ पर्वका व्रतालुहरूलाई नदीको पानी प्रयोग गर्न गाह्रो भइरहेको भन्दै स्थानीयहरू आक्रोशित बनेका हुन् । विगत एक सातादेखि प्रदूषण नियन्त्रण वा उद्योग बन्द गर्ने माग गर्दै स्थानीयहरूले आन्दोलन गर्दै आएका थिए । तर माग सम्बोधन नभएपछि करिब ३०-४० जना स्थानीय कम्पनी परिसरमै प्रवेश गरी होहल्ला र विवाद उत्पन्न भएको प्रहरीले जनाएको छ। विवादको क्रममा केही अधिकारीमाथि कालो मोसो दलेर दुर्व्यवहार गरिएको प्रत्यक्षदर्शीले बताएका छन्। घटनापछि जिल्ला प्रहरी कार्यालय पर्साको टोली घटनास्थल पुगेको थियो । प्रहरीले स्थिति नियन्त्रणमा लिएर घटनाको अनुसन्धान सुरु गरेको जनाएको छ ।

छठ पर्वको पूर्वसन्ध्यामा प्रदूषणका कारण स्थानीयमा उत्पन्न भएको असन्तुष्टिले उद्योग व्यवस्थापन र प्रशासन दुबैको ध्यान तानेको छ ।

# अर्थले माग्यो 'खर्च विवरण': भत्ता र विदेश भ्रमण रोक्ने निर्णय कार्यान्वयनको अनुगमन

***काठमाडौं, ०७ कार्तिक***




सरकारले आर्थिक मितव्ययिता कायम गर्न र अनुत्पादक खर्च कटौती गर्न गरेको मन्त्रिपरिषद्को महत्वपूर्ण निर्णय कार्यान्वयनमा कडाइ सुरु गरेको छ । अर्थ मन्त्रालयले सबै सरकारी कार्यालय, प्रदेश र स्थानीय तहहरूलाई दोस्रो पटक पत्राचार गर्दै उक्त निर्णयहरूको पालना अवस्था र प्रगति विवरण तत्काल पेश गर्न सर्कुलर जारी गरेको छ । अर्थ मन्त्रालयका सहसचिव एवं प्रवक्ता टंकप्रसाद पाण्डेयका अनुसार सरकारले स्रोतसाधनको सदुपयोग सुनिश्चित गर्न आगामी दिनमा आवश्यक थप नीतिगत कदम चाल्ने तयारी गरेको छ ।

गत असोज ५ गतेको मन्त्रिपरिषद् बैठकले नयाँ प्रविष्टि भएका, पूर्व तयारी नभएका र कम महत्वका खुद्रे आयोजनाहरूको बजेट रोक्का गर्ने निर्णय गरेको छ । साथै, अनुत्पादक वा मोडालिटी स्पष्ट नभएका नयाँ चालु कार्यक्रमहरूको बजेट पनि रोक्का गरिएको छ । नियमित कामका लागि बैठक भत्ता उपलब्ध नगराउने, निजी आवास प्रयोग गर्ने पदाधिकारीले आवास सुविधा बापतको रकम नपाउने व्यवस्था लागू गरिएको छ । स्वीकृत दरबन्दीबाहेक अस्थायी तथा करारमा कर्मचारी राख्न पूर्ण रोक लगाइएको छ । राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख र राष्ट्रिय सभा अध्यक्ष बाहेकका पदाधिकारीका लागि सल्लाहकार नियुक्ति गर्न नपाइने र मन्त्री तथा प्रदेश प्रमुखको स्वकीय सचिवालयमा तीन जनाभन्दा बढी कर्मचारी राख्न नपाउने नियम बनाइएको छ । अत्यावश्यक बाहेकका विदेश भ्रमणमा पूर्ण रोक लगाइएको छ । अन्तर्राष्ट्रिय सभामा राष्ट्र प्रमुखको नेतृत्वमा बढीमा १० र अन्य प्रतिनिधिमण्डलमा बढीमा ३ जनाको टोली रहने मापदण्ड तोकिएको छ।

अर्थ मन्त्रालयले यी निर्णयहरू पालना भए वा नभएको बारे जानकारी माग्दै दोस्रो पटक ताकेता गरी देशको आर्थिक अवस्था सुधार गर्नेतर्फ कडा कदम चालेको संकेत दिएको छ ।

# बाराको सुवर्णपुरमा जसपा र नेपाली काँग्रेसका ४ दर्जनबढी कार्यकर्ता रास्वपा प्रवेश

***बारा, ०७ कार्तिक***



बाराको सुवर्ण गाउँपालिका वडा नम्बर ८ बाट जसपा र नेपाली काँग्रेसका ४ दर्जनबढी कार्यकर्ता रास्वपा प्रवेश गरेका छन् ।

सो वडाको भिस्वा चौकमा शुक्रवार आयोजित पार्टी प्रवेश कार्यक्रममा जसपा र काँग्रेसका ५० जना सक्रिय कार्यकर्ता रास्वपा प्रवेश गरेका जिल्ला सभापति चन्दनकुमार स्वर्णकारले जानकारी दिए। स्वर्णकारसिहत प्रदेश सदस्य भुलेन्द्रप्रसाद कुशवाहको नेतृत्वमा पार्टी प्रवेश कार्यक्रम सम्पन्न भएको हो । सभापति स्वर्णकारका अनुसार भेटघाट तथा सदस्यता अभियान कार्यक्रम लिएर सिमावर्ती क्षेत्रमा पुग्दा स्थानिय युवाहरुको माग अनुसार पार्टी प्रवेश कार्यक्रम गर्नु परेको हो । कार्यक्रममा बोल्दै सभापति स्वर्णकारले बाराको प्रमुख नाकाको रुपमा रहेको कवहीगोठ-छौडादानो जोडने संतगन्ज नाकाको भन्सार कार्यालय पुर्णरुपमा संचालनमा ल्याउन पनि अब परिवर्तन आवस्यक रहेको र पुराना दलहरुको बिदाई गरि राष्ट्रिय स्वतन्त्र पार्टीलाई अगामी निर्वाचनमा सफल बनाउन सुवर्ण गाउँपालिकाको नागरिकहरुले भुमिका खेल्नुपर्ने बताए । त्यस्तै, केही समय अगाडि भारतबाट युवती ल्याएर गाउँपालिका भवनभित्र पुराना प्रमुख राजनितीक दलका युवा बिद्यार्थीहरुले रातभर नाचगान कार्यक्रम गरेर आफ्नो मर्यादा भुलेको भन्दै कडा शब्दमा आपत्ति प्रकट गरेका थिए ।

# मधेश प्रदेशमा छठसँगै राजनीतिक चहलपहल, मुख्यमन्त्री सोनल विश्वासको मतका तयारीमा

***बारा, ०७ कार्तिक***




छठ पर्वको रौनकसँगै मधेश प्रदेशमा अहिले राजनीतिक सरगर्मी पनि बढेको छ। मुख्यमन्त्री जितेन्द्र प्रसाद सोनलले छठलगत्तै विश्वासको मत लिने तयारी गरेपछि दलहरूबीच भेटघाट र संवाद तीव्र बनेका छन् ।

असोज २९ गते मुख्यमन्त्री बनेका सोनलले संवैधानिक व्यवस्था अनुसार ३० दिनभित्र विश्वासको मत लिनुपर्नेछ । त्यसकै तयारी स्वरूप सत्तापक्ष र प्रतिपक्ष दुवै पक्ष साना दलहरूसँग छलफलमा जुटेका छन् ।

नेपाली कांग्रेसकी सांसद अञ्जना पण्डितका अनुसार यस समयमा दलहरूबीचको संवाद स्वाभाविक हो। उनले भनिन्, "मुख्यमन्त्रीले ३० दिनभित्र विश्वासको मत लिनुपर्छ । त्यसको तयारी र दलहरूबीचको संवाद स्वाभाविक कुरा हो ।"

मधेश प्रदेशमा १० वटा दल छन् । नेकपा (एमाले), नेपाली कांग्रेससहित पाँच दलले सोनललाई समर्थन गरेका छैनन् । अहिले सोनललाई जनता समाजवादी पार्टी (जसपा) नेपाल, जनमत पार्टी, नेकपा माओवादी केन्द्र, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) र नेकपा एकीकृत समाजवादीको समर्थन छ ।

यी पाँच दलसँग जम्मा ५७ जना सांसद छन् – जसमा जसपाका १९, जनमतका १३, माओवादीका ९, लोसपाका ९ र एकीकृत समाजवादीका ७ जना छन् । १०७ सदस्यीय प्रदेश सभामा सरकार कायम गर्न ५४ मत आवश्यक पर्छ ।

तर जनमत पार्टीका दुई सांसद सतिशकुमार सिंह र त्रिभुवन साहले जनमत फुटाएर जनस्वराज पार्टीमा सनाखत गरेका छन् । निर्वाचन आयोगको निर्णय सर्वोच्च अदालतले स्थगित गरेको कारण उनीहरू अझै जनमतकै ह्वीपमा छन् ।

जसपा नेपालका एक सांसद सरोज सिंह कुशवाहा निलम्बनमा भएकाले विश्वासको मतमा सहभागी हुन पाउने छैनन् । यस्तो अवस्थामा दुई जनमत सांसदले मत नदिए सोनलको मत संख्या ५४ मा झर्ने सम्भावना छ, जसले सरकारलाई संकटमा पार्न सक्छ । मुख्यमन्त्री सोनलले भने आफूलाई विश्वासको मतमा समस्या नहुने दाबी गरेका छन् । उनले भने, "विश्वासको मतका लागि कुनै समस्या हुने छैन, सबै कुरा सकारात्मक छन्।"

जसपा नेपालका प्रवक्ता मनिष सुमनले पनि आफ्नो पार्टी विश्वासको मत दिलाउन अग्रसर हुने बताए । उनका अनुसार जसपाले सरकार बनाउन मुख्य भूमिका खेलेको हुँदा त्यसलाई स्थिर बनाउन पनि प्रतिबद्ध छ ।

"यो सरकार बनाउन हाम्रो अग्रणी भूमिका थियो," उनले भने, "अब विश्वासको मत दिलाउने जिम्मेवारी पनि हामीले लिन्छौं। सरकारलाई सफल बनाउन हामी प्रतिबद्ध छौं ।"

# छठ पर्वमा शान्ति र सुरक्षा सुनिश्चित गर्न मधेश प्रदेशमा सात हजार सुरक्षाकर्मी परिचालन

***जनकपुर, ०७ कार्तिक***



आस्थाको महापर्व छठ पर्वलाई शान्तिपूर्ण र व्यवस्थित रूपमा सम्पन्न गराउन मधेश प्रदेश प्रहरीले एक विशेष सुरक्षा योजना कार्यान्वयनमा ल्याएको छ। उक्त योजनालाई 'अप्रेसन आस्था' नाम दिइएको छ ।

मधेश प्रदेश प्रहरीका नायव महानिरीक्षक (डिआइजी गोविन्द थपलिया) का अनुसार, छठ पर्वको संवेदनशीलतालाई ध्यानमा राख्दै प्रदेशभरका आठवटै जिल्लामा करीब सात हजार सुरक्षाकर्मी परिचालन गरिएको छ ।

डिआइजी थपलियाले जनकपुरधाममा आयोजित पत्रकार सम्मेलनमा बताए अनुसार, मादक पदार्थ सेवन गरी सवारी साधन चलाउने, झैझगडा गर्ने वा भिडभाडमा अव्यवस्था सिर्जना गर्नेलगायत सम्भावित जोखिमहरूलाई रोक्न यो विशेष सुरक्षा योजना लागू गरिएको हो ।

सुरक्षा व्यवस्थामा ट्राफिक प्रहरी, महिला प्रहरी, मोबाइल पेट्रोलिङ टोली तथा सादा पोसाकका सुरक्षाकर्मीहरू समेत खटाइएका छन् । प्रहरीलाई छठका मुख्य स्थल – घाट, तलाउ, नदी किनार, बजार क्षेत्र र मुख्य राजमार्गहरूमा विशेष सतर्कता अपनाउन निर्देशन दिइएको डिआइजी थपलियाले बताए ।

उनका अनुसार, छठ पर्व आस्थासँग जोडिएको धार्मिक पर्व भएकाले जनताको श्रद्धा र विश्वास सुरक्षित राख्न सुरक्षाका सबै संयन्त्रहरू सक्रिय रूपमा खटिनेछन् ।

प्रहरीले मादक पदार्थ सेवन गरी सवारी चलाउने वा सार्वजनिक स्थानमा हुलदङ्गा गर्ने जो कोहीमाथि कडा कारबाही गरिने चेतावनी पनि दिएको छ । साथै, अत्यधिक भिडभाड हुने स्थलहरूमा सिसी क्यामेरा निगरानी, अस्थायी सुरक्षा चौकी स्थापना र मोबाइल गस्ती टोलीहरूलाई सक्रिय पारिएको प्रहरीले जनाएको छ ।

छठ पर्वका अवसरमा मधेश प्रदेशभर शान्ति, सुरक्षा र जनविश्वास कायम राख्न 'अप्रेसन आस्था'ले महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ ।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - सुवर्ण गाउँपालिका, बारा